नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**(वातावरण व्यवस्थापन शाखा)**

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००२८३
web page: www.mofald.gov.np
सिहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७३/७४
च.न: २०१

**मितिः– २०७४/१/८**

विषय: <u>राष्ट्रिय सरसफाई निर्देशन समितिको बैठकका निर्णय सम्बन्धमा।</u>

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)
श्री महा/उपमहा/नगरपालिका/गाउँपालिका कार्यालय (सबै)

खानेपानी तथा सरसफाई मन्त्रालयको च.नं.१३२३ , मिति २०७३/१२/३१ गतेको पत्रबाट मिति २०७३/१२/१८ गते माननीय खानेपानी तथा सरसफाई मन्त्री श्री जीवन कुमार शाहिज्यू र माननीय राज्यमन्त्री श्री दिपक खड्काज्यूको समुपस्थिति तथा त्यस मन्त्रालयका सचिव श्री भिमप्रसाद उपाध्यायज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय सरसफाई निर्देशन समितिको बैठकका निर्णयहरु जानकारी तथा आवश्यक कारवाहीका लेखि आएकाले आवश्यक कारवाहीका लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

(रमिला भण्डारी)
शाखा अधिकृत

**<u>बोधार्थ:</u>**
श्री सूचना तथा विद्युतीय शासन शाखा, : वेबसाइटमा upload गर्नु हुन
सं.मा.तथा स्था.वि.म., सिंहदरबार।

खानेपानी तथा सरसफाइ मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

## छलफल तथा निर्णयहरु

१. सन् २०१३ सम्म घोषित खुला दिसा मुक्त क्षेत्रहरुमा राष्ट्रिय सरसफाइ समन्वय समितिले गराएको दिगोपन सम्वन्धी अध्ययनको सार संक्षेप प्रस्तुत तथा National Monitoring/Action Team (NMAT) को ToR जानकारी गराइयो।

२. ७४४ स्थानीय सरकारहरु क्रियाशील भैसकेको वर्तमान सन्दर्भमा खुला दिसा मुक्त क्षेत्र घोषणा अभियानलाई प्रभावकारी बनाउन स्थानीय सरकारका कम्तिमा वडा स्तरलाई खुला दिसा मुक्त क्षेत्र घोषणा गर्ने न्यूनतम एकाइ मानी घोषणा गर्ने व्यवस्था गर्न सम्वद्ध निकायहरुलाई निर्देशन दिने / वडा तह सम्मको तथ्याङ्क अध्यावधिक गर्न राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समितिको सचिवालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

३. सन् २०१७ को (आधारभूत सरसफाइ गर्ने) राष्ट्रिय लक्ष्य प्राप्तिलाई मध्यनजर राखी भूकम्प प्रभावित जिल्लाहरूलाई खुला दिसामुक्त क्षेत्र कायम गराउने व्यवस्थाको लागि राष्ट्रिय पुन: निर्माण प्राधिकरणलाई समेत अनुरोध गर्ने निर्णय गरियो ।

४. क्षेत्रगत प्रभावकारिता हासिल गर्न वर्षमा कम्तिमा २ पटक Sector Stakeholder Group Meeting(SSGM) गर्ने व्यवस्था मिलाउन राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई निर्देशन दिने निर्णय गरियो ।

५. क्षेत्रगत प्रभावाकारीता हासिल गर्न राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति(NHSCC)को नियमित वैठक ४/४ महिनाको अन्तरालमा गर्ने र आवश्यकता अनुसारको बैठक समिति आफैंले तय गरी गर्ने व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

६. स्थानीय सरकारका वडाहरु र स्थानीय सरकार स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु गठन गराउन स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरियो ।

७. सन् २०१७ को राष्ट्रिय लक्ष्य प्राप्त गर्न हाल जिल्ला तहमा रहेका सबै सरोकारवाला विषयगत कार्यालयहरूलाई खुला दिसामुक्त क्षेत्र घोषणा अभियानमा सक्रिय सहभागी गराइ दिनका लागि सम्बन्धित केन्द्रीय तहलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

८. सबै सरकारी निकायहरुले आ-आफ्नो परिसरहरु भित्र र छिमेकमा समेत नियमित सरसफाइ कार्यक्रम संचालन गर्ने तथा यस निम्ति आगामी आर्थिक वर्षमा आवश्यक न्यूनतम वजेटको व्यवस्था मिलाउन अनुरोध गर्ने निर्णय गरियो ।

९. सहरमा सार्वजनिक शौचालय अभाव रहँदा दिसामुक्त कार्यक्रम प्रभावकारी नहुने भएको कारण नगरपालिका एवम् घना बस्तीहरूमा सार्वजनिक शौचालयको व्यवस्था मिलाउन स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरियो ।

१०. चर्पी निर्माणका सिलसिलामा दिसाजन्य लेदोको व्यवस्थापन पनि अपरिहार्य भएको हुनाले यस निम्ति सम्वन्धित स्थानीय तहलाई कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने तथा खानेपानी तथा सरसफाइ मन्त्रालयमा आर्थिक एवम् प्रशासनिक सहयोग गर्न प्रस्ताव पठाउन अनुरोध गर्ने निर्णय गरियो ।

११. खानेपानी आयोजनाहरूमा ढल व्यवस्थापन पक्षलाई अभिन्न अंगको रूपमा आयोजना डिजाइन कार्यान्वयन गर्न सम्वन्धित विभाग, कार्यलय, आयोजना र निकायमा निर्देशन गर्ने निर्णय गरियो ।

भीमप्रसाद उपाध्याय